**नेपाल सरकार**

# ऊर्जा मन्त्रालय

## जलविद्युत आयोजनाहरुको अध्ययन एवं विकास कार्यमा उत्पन्न बाधा-अवरोध सन्दर्भमा ऊर्जा मन्त्रालयको सार्वजनिक अपिल

*मिति: २०६६।११।५*

१. मुलुकले जलविद्युत विकास नीति, २०५८ तथा विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० अन्तर्गत रही जलविद्युत क्षेत्रमा देशी-विदेशी लगानी आकर्षित गर्दै आएको र दोश्रो जनआन्दोलनपश्चात् शान्ति सुरक्षामा भएको सुधारको कारणले जलविद्युत क्षेत्रमा निजी क्षेत्रको संलग्नता उत्साहजनक ढंगमा बढ्दै गएको छ । हाल विकास-निर्माणका विभिन्न चरणमा रहेका जलविद्युत आयोजनाहरुको आयोजनास्थलमा अध्ययन कार्यहरु बन्द गर्न दबाब दिने, आयोजनाको कार्यमा बाधा-अवरोध पुर्‍याउने र धाक, धम्की, चेतावनी दिने आदि क्रियाकलापले गर्दा विद्युत उत्पादनमा निजी क्षेत्रको लगानी प्रबर्द्धन गर्ने कार्यमा गम्भीर र नकारात्मक असर पर्न जाने देखिएको छ । यता केही समयदेखि वृद्धि हुँदै गएको यस्तो प्रवृत्तितर्फ ऊर्जा मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

२. यसै क्रममा प्रस्तावित अपर मर्स्याङ्दी-२ जलविद्युत आयोजनाको सर्वेक्षण अनुमति पत्र नेपालमा विधिवत् रुपमा दर्ता भएको हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.ले प्राप्त गरी अध्ययन कार्य अन्तिम चरणमा पुगेको छ । उक्त कम्पनीमा नेपाली लगानीकर्ताहरुको २० प्रतिशत र भारतको GMR कम्पनीको ८० प्रतिशत शेयर स्वामित्व रहेको छ । सो भारतीय कम्पनीले नेपाल सरकारको प्रचलित नीति तथा कानून बमोजिम लगानी प्रबर्द्धन बोर्डको स्वीकृति प्राप्त गरी उक्त शेयर प्राप्त गरेको हो । आयोजना स्थलमा कार्यरत रहेको सर्वदलीय सरोकार समितिसँग आवश्यक समन्वय गरी उक्त प्रबर्द्धकले अध्ययन कार्यहरु सम्पन्न गर्दै आएको र **आमा समुह** समेत परिचालित गरी सामाजिक उत्थानका क्रियाकलाप गर्दै आएको छ । यही फागुन ३ गते तमु राष्ट्रिय मुक्ति मोर्चा, नेपालले आयोजनास्थलमा गई सो आयोजनाको निर्माण कार्य रद्द गर्नु पर्ने माग राखी ज्ञापनपत्र बुझाएको र आयोजनाको अध्ययन कार्य सोही दिनदेखि रोक्नु पर्ने स्थिति सिर्जना भएकोमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

३. उक्त आयोजना निर्माणमा गएको नभई हाल अध्ययनको चरणमा मात्र रहेको छ । हाल आयोजनाको **विस्तृत आयोजना प्रतिवेदन** तथा **वातावरणीय प्रभाव मूल्याङ्कन** अध्ययनको कार्य भइरहेको छ । सो अध्ययन कार्य पूरा भइसके पश्चात् मात्र आयोजनाबाट प्राप्त हुने फाइदा, आयोजनाको लागत, आयोजनाले पार्ने प्रभाव एकीन हुने भएकाले त्यसपछि मात्र नेपाल सरकारबाट प्रचलित कानून अनुसार राज्यको वृहत्तर हित समेत ध्यानमा राखी आयोजनाको निर्माण कार्य अगाडि बढ्ने छ ।

४. जलश्रोत ऐनको दफा ३ अनुसार **नेपाल राज्यभित्र रहेको जलश्रोतको स्वामित्व नेपाल राज्यमा निहित रहने** कानूनी व्यवस्था रहेकाले देशको प्राकृतिक स्रोत उपयोग गरी निर्माण हुने यस्ता आयोजनाको स्वामित्व नेपाली जनतामै रहने निर्विवाद छ । निजी क्षेत्रले प्रबर्द्धन गरेका जलविद्युत आयोजनाहरु निश्चित अवधि पश्चात् चालु हालतमा राज्यलाई नै निःशुल्क हस्तान्तरण गर्ने कानूनी व्यवस्था रहेको छ ।

५. यसर्थ हाल अध्ययनकै चरणमा रहेको र नेपाल तथा भारतका निजी क्षेत्रको संयुक्त उपक्रमबाट प्रचलित कानून अनुसार भइरहेको अध्ययन कार्यमा बाधा-व्यवधान नपुर्‍याई कार्य सुचारु राख्न सहयोग पुर्‍याइदिनु हुन यो मन्त्रालय हार्दिक अपिल गर्दछ ।

६. राष्ट्रिय प्राथमिकता प्राप्त जलविद्युत क्षेत्रमा निजी क्षेत्रका लगानीकर्ताहरुलाई हतोत्साही पार्ने र देशको छविमा नकारात्मक असर गर्ने किसिमका क्रियाकलापहरु नगर्न-नगराउन सम्बन्धित सबैमा ऊर्जा मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

७. जलविद्युत आयोजनाहरुको विकास गर्ने सन्दर्भमा तथा जलविद्युत क्षेत्रमा निजी क्षेत्रको लगानीको सुरक्षाको विषयमा सरकार गम्भीर छ । यस विषयमा जलविद्युत क्षेत्रका प्रबर्द्धक तथा लगानीकर्ताहरुलाई विश्वस्त रहन ऊर्जा मन्त्रालय अनुरोध गर्दछ ।

**(श्रीरञ्जन लाकौल)**
सहसचिव

*यो सार्वजनिक अपिल यस मन्त्रालयको वेबसाइट www.moen.gov.np मा पनि राखिएको छ ।*